# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, भदौं २ गते २०६४ साल (अतिरिक्तांक २६

## भाग ५

### निर्वाचन आयोगको
### सूचना

### संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४

स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढङ्गबाट संविधान सभा सदस्यको निर्वाचन सम्पन्न गर्नका लागि सम्बन्धित सरोकारवालाले पालना गर्नु पर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सम्बन्धित सरोकारवालाहरुसँग परामर्श गरी यो आचार संहिता बनाएको छ।

#### परिच्छेद - १
#### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आचार संहिताको नाम "संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४" रहेको छ।

(२) यो आचार संहिता निर्वाचन आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ।

२. आचार संहिता लागू हुने पक्षहरु : यो आचार संहिता देहायका व्यक्ति, संस्था वा निकायहरुलाई लागू हुनेछ र त्यस्ता व्यक्ति, संस्था वा निकायहरुले यो आचार संहिताको पालना गर्नु पर्ने कर्तव्य हुनेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) राजनैतिक दल तथा उम्मेदवार,

(ख) राजनैतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिहरु,

स्पष्टीकरण : यस आचार संहिताको प्रयोजनको लागि "राजनैतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति" भन्नाले कुनै राजनैतिक दल वा उम्मेदवारको तर्फबाट निर्वाचन अभियानमा संलग्न जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(ग) नेपाल सरकार,

(घ) सरकारी तथा अर्ध सरकारी संस्था र स्थानीय निकाय,

(ङ) सरकारी, अर्ध सरकारी तथा निजी क्षेत्रका आम सञ्चारका माध्यम,

(च) सरकारी, अर्ध सरकारी संस्था तथा स्थानीय निकायका कर्मचारी, निर्वाचन कार्यमा संलग्न कर्मचारी र निर्वाचन कार्यको लागि निर्वाचन आयोगले खटाएको स्वंयसेवक ।

## परिच्छेद - २
## राजनैतिक दल तथा उम्मेदवारहरुले पालना गर्नुपर्ने आचरण

राजनैतिक दल, उम्मेदवार तथा निजहरुसँग सम्बन्धित व्यक्तिहरुले निर्वाचन अभियान सञ्चालन गर्दा गराउँदा देहायका आचरणहरु पालना गर्नु गराउनु पर्नेछ :-

**प्रचार प्रसारः**

३. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, जनतामा निहित राजकीय सत्ता, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, मानव अधिकार र स्वतन्त्र न्यायप्रणालीको प्रतिकूल हुने गरी निर्वाचन प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

४. कुनै धर्म, सम्प्रदाय, जात जाति, लिङ्ग, भाषा, समुदाय वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

५. प्रचार प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा शिष्ट र मर्यादित हुनु पर्नेछ ।

६. निर्वाचनको प्रचार प्रसारमा कुनै पनि प्रकारको प्लास्टिकको सामग्री प्रयोग गर्न पाइने छैन ।

७. प्रचार प्रसारको क्रममा बढीमा ७५ ग्रामसम्मको कागजमा बढीमा कुल क्षेत्रफल १८० वर्ग इन्च आकारको पर्चा मात्र प्रयोग गर्न पाइनेछ । यस्तो पर्चा छपाउँदा एक रङ्गमा मात्र छपाउनु पर्नेछ र प्रत्येक पर्चामा मुद्रकको नाम र ठेगाना उल्लेख गरेको हुनु पर्नेछ ।

८. निर्वाचन प्रचार प्रसारको क्रममा कुनै पनि पोष्टर टाँस्न वा वितरण गर्न, भित्ते लेखन गर्न, तुल र व्यानर प्रयोग गर्न गराउन हुँदैन ।

९. धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारकस्थल वा सरकारी वा सार्वजनिक भवनको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन ।

१०. कसैको निजी घर कम्पाउण्ड, पसल, पर्खाल वा यस्तै अन्य स्थानहरुमा घरधनीको स्वीकृति नलिई कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन ।

११. निर्वाचनको प्रयोजनको लागि टाँसिएको पर्चा वा निर्वाचन चिन्हलाई अर्को राजनैतिक दल वा उम्मेदवारका तर्फबाट केरमेट गर्न, उप्काउन, च्यात्न वा त्यसमाथि आफ्नो पर्चा टाँस्न वा टाँस्न लगाउन हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. निर्वाचनको प्रचार प्रसारको क्रममा कसैले पनि कसैको पुत्ला लिएर हिड्न वा पुत्ला जलाउने कार्य गर्नु गराउनु हुँदैन ।

१३. निर्वाचनको प्रचार प्रसारको क्रममा हात हतियार वा विष्फोटक पदार्थ लिएर हिड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गर्न गराउन हुँदैन ।

१४. नेपाल सरकार, नेपाल सरकारको स्वामित्वमा वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकाय वा कुनै परियोजना अन्तर्गतका सवारी साधनहरु, अन्य साधनहरु वा सम्पत्तिलाई राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसारको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।

<u>जुलुस तथा आमसभाः</u>

१५. सार्वजनिक आवागमनमा अवरोध पर्ने गरी जुलुस, आमसभा गर्नु गराउनु हुँदैन ।

१६. राजनैतिक दल वा उम्मेदवार वा तिनका समर्थकहरुले अरु दल वा उम्मेदवारहरुले आयोजना गरेको जुलुस वा आमसभा विथोल्न वा बाधा पु-याउन हुँदैन ।

१७. जुलुस तथा आमसभामा भाग लिने व्यक्तिहरुले हातमा बढीमा १०"X१८" सम्म आकारको झण्डा लिन सक्नेछन् ।

तर निर्वाचन प्रचार प्रसारको लागि प्रयोग गरिनें सवारी साधनमा वा आमसभास्थलमा सो भन्दा बढी आकारको झण्डा प्रयोग गर्न सकिनेछ ।

१८. नेपाल सरकार वा स्थानीय प्रशासनले सार्वजनिक सुरक्षा र हितका निमित्त प्रचलित कानून बमोजिम निषेध गरेको समय र स्थानमा कुनै पनि जुलुस, ऱ्याली, आमसभा वा प्रचार प्रसारको अन्य कार्यक्रमको आयोजना गर्नु गराउनु हुँदैन ।

१९. जुलुस, ऱ्याली, आमसभा जस्ता प्रचार प्रसारका कार्यक्रम विहान ७ बजेदेखि साँझ ७ बजेसम्म बाहेक अरु समयमा गर्न पाइने छैन ।

२०. जुलुस, ऱ्याली वा आमसभा गर्दा गराउँदा सो को समय, मिति, रुट र स्थानका बारेमा स्थानीय प्रशासनलाई कम्तीमा २४ घण्टा अगावै अग्रीम जानकारी गराएर मात्र गर्नु पर्नेछ । तय भइ सकेको मार्ग स्थानीय प्रशासनको अनुमति बेगर फेरबदल गर्न पाइने छैन ।

२१. कुनै दुई वा सो भन्दा बढी राजनैतिक दल वा उम्मेदवारले एउटै समय, स्थान र मार्गमा जुलुस, ऱ्याली वा आमसभा आयोजना गर्न पाउने छैन । यस प्रयोजनको लागि स्थानीय प्रशासनले दिएको सहमति अनुसार सम्बन्धित दल वा उम्मेदवारले जुलुस, ऱ्याली वा आमसभाको आयोजना गर्नु पर्नेछ ।

२२. मसाल जुलुस र कुनै पनि हातहतियारसहितको जुलुस निकाल्न पाइने छैन ।

२३. कुनै पनि किसिमको जुलुस, ऱ्याली वा आमसभा संचालन गर्दा बालबालिकालाई सहभागी गर्न गराउन वा निर्वाचनको प्रचार प्रसार लगायत निर्वाचनसँग सम्बन्धित कुनै पनि गतिविधिमा बालबालिकालाई प्रयोग गर्न गराउन हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. मतदानको दिन भन्दा ४८ घण्टा आघदेखि मतदानको काम पूरा नभएसम्म जुलुस निकाल्न, नारा लगाउन वा राजनैतिक दल वा दलसँग आबद्ध संस्थाको झण्डा वा निर्वाचन चिन्ह वा प्रचार प्रसार हुने गरी कुनै सामग्री प्रदर्शन गर्न वा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

२५. जनसाधारणको हितमा प्रतिकूल असर नपर्ने गरी निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले आमसभा र आमसभाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि वाहेक अन्यत्र माइक तथा लाउडस्पिकर प्रयोग गर्न हुँदैन ।

**सवारी साधनको प्रयोग:**

२६. निर्वाचनको प्रचार प्रसारको लागि हवाईजहाज तथा हेलिकप्टर जस्ता महँगा सवारी साधनको प्रयोग गर्नु गराउनु हुँदैन ।

२७. उम्मेदवारले निर्वाचन प्रचार प्रसारका लागि एक निर्वाचन क्षेत्रमा एउटा हलुका सवारी साधन मात्र प्रयोग गर्न पाउनेछ ।

तर त्यस्ता सवारी साधन नचल्ने निर्वाचन क्षेत्रमा बढीमा दुईवटासम्म घोडा प्रयोग गर्न पाउनेछ ।

२८. राजनैतिक दलले निर्वाचन प्रचार प्रसारका लागि एउटा जिल्लामा बढीमा दुई वटासम्म हलुका सवारी साधन प्रयोग गर्न पाउनेछ ।

२९. राजनैतिक दल वा उम्मेदवारहरुले निर्वाचनको क्रममा प्रयोग गर्ने सवारी साधनको विवरण निर्वाचन अधिकृतलाई लिखित रुपमा दिनुपर्नेछ ।

३०. मतदानको दिन मतदाताहरुलाई हवाईजहाज, हेलिकप्टर, बस, ट्रक, जीप वा अन्य कुनै सवारी साधनबाट ओसार पसार गर्नु गराउनु हुँदैन ।

**अनुचित प्रभाव तथा अवरोध:**

३१. कसैले पनि कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारीमा रहेका सुरक्षाकर्मीलाई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्नु गराउनु हुँदैन ।

३२. कसैले पनि मतदातालाई डर, त्रास, धाक, धम्की वा प्रलोभन दिने वा धर्म भकाउने जस्ता काम गरी निजको इच्छा विपरित मतदान गर्न वा नगर्न बाध्य गर्नु गराउनु हुँदैन ।

३३. कसैले पनि कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा बल प्रयोग गरी कुनै पनि उम्मेदवारलाई निर्वाचनको प्रचार प्रसार गर्न नपाइने गरी रोक्ने, थुन्ने, छेक्ने वा निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गबाट असर पर्न सक्ने गरी कुनै पनि किसिमको काम कारवाही गर्नु गराउन हुँदैन ।

३४. निर्वाचन विथोल्ने वा निर्वाचन प्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुने गरी कुनै कार्य गर्नु गराउनु हुँदैन ।

३५. कुनै राजनैतिक दल वा उम्मेदवारले आयोजना गरेको प्रचार प्रसारको कार्यक्रममा कुनै व्यक्ति वा समूहले वाधा अवरोध पुऱ्याएमा निजहरु उपर प्रचलित कानून बमोजिम कारवाही गर्न स्थानीय प्रशासनलाई मौखिक अनुरोध गर्ने वा निवेदन दिनु पर्नेछ । राजनैतिक दल,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उम्मेदवार, कार्यकर्ता वा समर्थक आफैले त्यस्ता व्यक्ति उपर कुनै किसिमको कारवाही गर्नु हुँदैन ।

३६. मतदाताहरुलाई मतदान गर्न जान वा मतदान गर्नबाट बन्चित गराउने अभिप्रायले कुनै पनि किसिमले अवरोध वा थुनछेक गर्नु गराउनु हुँदैन ।

३७. कुनैपनि राजनैतिक दल वा उम्मेदवारले वा निजका प्रतिनिधि वा कार्यकर्ताले वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर, त्रास देखाई वा धम्की दिई वा प्रलोभन दिई मतदान केन्द्र आफ्नो कब्जामा लिनु वा मतपत्र वा मतपेटिका वा मतदान सामग्री जवर्जस्ती कब्जामा लिनु वा खोस्नु वा नास्नु हुँदैन ।

३८. मतदातालाई प्रभाव पार्ने उद्देश्यले कुनै प्रकारले नगद वा जिन्सी वा कुनै पनि किसिमको उपहार लिनु र दिनु हुँदैन ।

३९. मतदातालाई प्रभाव पार्ने उद्देश्यले भोज भतेरको आयोजना गर्न गराउन र मादक पदार्थको सेवन गरी निर्वाचनको प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

**दायित्व र जिम्मेवारी:**

४०. कुनै राजनैतिक दल वा उम्मेदवारको आलोचना गर्दा त्यस्तो दल वा उम्मेदवारको नीति तथा कार्यक्रममा मात्र सीमित रहनु पर्नेछ ।

४१. आफ्नो कार्यकर्ता तथा समर्थकहरुलाई निर्वाचन सम्बन्धी आचार संहिताको पूर्णरुपमा जानकारी गराई सोको पालना गर्न गराउन लगाउनु पर्नेछ । आफ्ना कार्यकर्ता वा समर्थकबाट आचार संहिता उल्लंघन भएमा सो को जिम्मेवारी सम्बन्धित दल र उम्मेदवारले लिनु पर्नेछ ।

४२. निर्वाचनको क्रममा निर्वाचन सम्बन्धी ऐन, नियम, आदेश तथा निर्देशिकाहरुमा भएका व्यवस्थालाई पूर्णरुपमा पालना गर्नु गराउनु पर्नेछ ।

४३. मतदान केन्द्र र त्यसको वरिपरि निर्वाचनको प्रचार प्रसारसँग सम्बन्धित कुनै कुरा टाँस्नु वा टाँस्न लगाउनु वा लेख्नु वा लेख्न लगाउनु समेत हुँदैन । यदि कुनै प्रचार प्रसार सामग्री टाँसेको वा लेखिएको भएमा सम्बन्धित राजनैतिक दल वा उम्मेदवारले मतदान कार्य शुरु हुनु अगाडि त्यस्ता सामग्री हटाउनु पर्नेछ ।

तर निर्वाचन आयोगले उपलब्ध गराएको मतदाता जागरण सम्बन्धी सामग्री टाँस्न बाधा पुगेको मानिने छैन ।

४४. मतदानको दिन कसैले पनि कुनै राजनैतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अंकित कुनै पनि किसिमको पहिरन, पोशाक, टोपी, स्टीकर, लोगो, झोला आदिको प्रयोग गर्न पाउने छैन ।

४५. निर्वाचन आयोगद्वारा वितरित मतदाता शिक्षा सम्बन्धी प्रचार सामग्री वा सूचनालाई कसैले विगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन वा विकृत गर्न हुँदैन ।

## परिच्छेद - ३

## नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारीले पालना गर्नु पर्ने आचरण

**नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारीले देहायका आचरणहरु पालना गर्नु पर्नेछ :-**

४६. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायले नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न वा स्वीकृत गर्न वा नयाँ योजना कार्यान्वयन गर्न वा संचालन गर्न वा सो प्रयोजनका लागि जनशक्ति तथा श्रोत, साधनको परिचालन गर्नु गराउनु हुँदैन ।

तर यो आचार संहिता लागू हुनु अगावै स्वीकृत भएको योजना कार्यान्वयन गर्न वा संचालन गर्न वा त्यस्तो योजनालाई निरन्तरता दिन वाधा पुगेको मानिने छैन ।

४७. सरकारी, सरकारी नियन्त्रण वा स्वामित्वमा रहेका निकाय वा स्थानीय निकायले कुनै पनि योजनाको शिलान्यास गर्ने वा उद्घाटन गर्ने, नयाँ योजना वा कार्यक्रम स्वीकृत गर्ने, शुरु गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा अनुदान दिने जस्ता कार्यहरु गर्नु गराउनु हुँदैन ।

तर प्राकृतिक प्रकोपको कारणबाट काबु बाहिरको परिस्थिति सिर्जना भई मानवीय आधारमा सहयोग पुऱ्याउन कुनै कार्यक्रम संचालन गर्न आवश्यक भएमा त्यस्तो कार्यक्रम संचालन गर्न वाधा पुगेको मानिने छैन ।

४८. नेपाल सरकारका मन्त्रीहरु तथा राजनैतिक नियुक्ति पाएका व्यक्तिहरुले सरकारी कामका लागि भ्रमण, निरीक्षणमा जाँदा वा अन्य कुनै सरकारी काममा संलग्न रहँदा निर्वाचनको प्रचार प्रसारमा संलग्न रहनु हुँदैन ।

तर दलीय भावनाले प्रेरित भई प्रचार प्रसार गर्न बाहेक संविधान सभाको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न वाधा पुगेको मानिने छैन ।

४९. निर्वाचनमा उम्मेदवार भएका बाहेक अरु मन्त्री वा व्यवस्थापिका-संसदका सदस्यहरु मतदान गर्न बाहेक मतदान केन्द्र भित्र प्रवेश गर्नु हुँदैन ।

५०. मन्त्री वा निजका सल्लाहकारहरु वा राजनैतिक नियुक्ति पाएका व्यक्तिहरुले प्रयोग गर्ने सरकारी साधन, अन्य साधन, श्रोत र सहुलियत राजनैतिक दल वा राजनैतिक दलका उम्मेदवार वा स्वतन्त्र उम्मेदवारको प्रचार प्रसारको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।

तर प्रधानमन्त्रीको पदीय दायित्व र सुरक्षालाई दृष्टिगत गरी निजको भ्रमणको सिलसिलामा प्रयोग हुने सरकारी सवारी साधनको हकमा यो बन्देज लागू हुने छैन । यस्तो सवारी साधनमा निर्वाचन प्रचार प्रसारमा संलग्न राजनैतिक दलका व्यक्तिलाई समावेश गरिनु हुँदैन ।

५१. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायमा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकार वा अख्तियारवाला कुनैपनि पदाधिकारीहरुले कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसारको काममा वा निर्वाचन परिणाममा प्रभाव पार्ने खालको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५२. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायका भवन, अतिथि गृह, सभागृह वा त्यस्तै अन्य साधन र सुविधालाई कुनै राजनैतिक दल वा उम्मेदवार वा निर्वाचनको प्रचार प्रसारमा संलग्न अन्य व्यक्तिहरुलाई समेत प्रयोग गर्न दिनु हुँदैन ।

५३. नेपाल सरकार, सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायका प्रमुख वा कर्मचारीले आफ्नो कुनैपनि किसिमको श्रोत, साधन कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसारको लागि उपलब्ध गर्नु गराउनु हुँदैन ।

५४. सरकारी, अर्धसरकारी संस्था तथा स्थानीय निकायमा कार्यरत कुनै पनि कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक र सुरक्षाकर्मीहरुलाई निर्वाचन सम्बन्धी काममा बाहेक अन्यत्र सरुवा गर्न, काजमा खटाउन, बढुवा गर्न वा रिक्त पदमा पूर्ति गर्नु हुँदैन ।

५५. नयाँ पदको सृजना गर्न, विज्ञापन गर्न वा तलब भत्ता बृद्धि गर्न वा ग्रेड, पुरस्कार वा यस्तै अन्य सुविधा र सहुलियत प्रदान गर्न हुँदैन ।

५६. निर्वाचनको परिणाम घोषणा भएको पन्ध्र दिनसम्म निर्वाचन अधिकृत नियुक्त भै काम गरेका कर्मचारीहरुलाई सरुवा गर्नु हुँदैन ।

५७. स्थानीय प्रशासनले मतदानको तीन दिन अगाडि र तीन दिन पछाडिसम्म मादक पदार्थको बिक्री वितरण र सेवनमा रोक लगाउने व्यवस्था गर्नु पर्नेछ । साथै उम्मेदवारको मनोनयन दर्ता भएको मिति देखि निर्वाचन परिणाम घोषणा भएको मितिसम्म बेलुकी आठ बजे पछि मादक पदार्थ बिक्रि गर्न बन्द गर्ने व्यवस्था गर्नु पर्नेछ ।

५८. निर्वाचनमा संलग्न रहने कर्मचारी, सुरक्षाकर्मीले कुनै पनि राजनैतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा नलागी आफ्नो पदीय कर्तव्य तटस्थ र निष्पक्ष रुपमा पालना गर्नु पर्नेछ ।

५९. निर्वाचन अधिकृत, मतदान अधिकृत वा मतदानकेन्द्रमा खटिएका वा निर्वाचनको काममा संलग्न अन्य कुनै अधिकृत, कर्मचारी वा पदाधिकारी वा अनुगमनमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी वा स्वंयसेवक वा पर्यवेक्षकले निर्वाचनको कुनै काम गर्दा कानून बमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्न वा गराउन हुँदैन ।

६०. निर्वाचनको कार्यक्रम प्रकाशन भए पछि निर्वाचन समाप्त नहुन्जेल सम्म मुलुकलाई प्रतिनिधित्व गर्ने गरी विदेश भ्रमणमा जाने सरकारी प्रतिनिधि मण्डल बाहेक अन्य प्रयोजनका लागि नेपाल सरकार वा कुनै सरकारी तथा अर्ध सरकारी संस्थाको कार्यालय वा स्थानीय निकायको तर्फबाट विदेश भ्रमणमा जान पाइने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ४
## आम सञ्चार माध्यमले पालना गर्नु पर्ने आचरण

सरकारी, अर्ध सरकारी तथा निजी क्षेत्रका आम संचार (श्रव्य, दृश्य तथा मुद्रण) का माध्यमहरुले देहायका आधारभूत सिद्धान्तका अधीनमा रही देहाय बमोजिम निर्वाचन प्रचार प्रसार सम्बन्धी कार्यक्रमहरु संचालन गर्नु पर्नेछ :-

### आधारभुत सिद्धान्त :

६१. स्वतन्त्ररुपले अभिमत व्यक्त गर्ने मतदाताको अधिकारको संरक्षण गर्ने सन्दर्भमा सत्य तथ्य पूर्वाग्रहरहित सूचना सम्प्रेषणमा जोड दिनु पर्नेछ ।

६२. निर्वाचनसँग सम्बन्धित शिक्षामूलक समाचार सम्प्रेषणलाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

### सत्य, निष्पक्ष र सन्तुलित समाचार सम्प्रेषण :

६३. निर्वाचन सम्बन्धी सूचना तथा समाचारको सम्प्रेषण गर्दा पूर्वाग्रहरहित र वस्तुनिष्ठ ढङ्गले गर्नु पर्नेछ ।

६४. निर्वाचनसँग सम्बन्धित आवश्यक सूचना तथा समाचारहरु सम्प्रेषण गर्नबाट रोक्न, दबाउन वा लुकाउन हुँदैन ।

६५. सर्वसाधारणलाई भ्रममा पार्ने गरी निर्वाचन सम्बन्धी सूचना प्रकाशन वा प्रसारण गर्न हुँदैन ।

६६. सर्वसाधारणको चासोसँग सम्बन्धित सबै विषयहरु सम्भव भएसम्म सूचना तथा समाचारमा समावेश गर्नु पर्नेछ । यस्ता सूचना संकलन र सम्प्रेषणमा कसैले वाधा अवरोध पुऱ्याएमा सो कुरा समेत सम्प्रेषण गर्नु पर्नेछ ।

६७. राजनैतिक दल वा उम्मेदवारसँग सम्बन्धित समाचारलाई पूर्वाग्रह नराखी सम्प्रेषण गर्नु पर्नेछ । त्यस्तो समाचार सम्प्रेषण गर्दा कुनै राजनैतिक दलका नेता वा उम्मेदवार वा सत्तारुढ दललाई विशेष प्राथमिकता दिनु हुँदैन ।

### संचार माध्यमको व्यवहार :

६८. निर्वाचन प्रचार प्रसारको क्रममा कसैबाट कुनै किसिमको अनुचित लाभ ग्रहण गर्न वा पेशागत आचरण एवं मान्यता विपरीत हुने कुनै काम कारबाही गर्नु हुँदैन ।

६९. कुनै पनि किसिमले भेदभाव दर्शाउने वा हिंसा उक्साउने खालका भाषाको प्रयोग वा दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य कुनै पनि किसिमको सदभावमा प्रतिकूल असर पुग्ने गरी प्रचार प्रसार गर्न पाइने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७०. निर्वाचनमा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, मधेसी लगायतका सीमान्तकृत समूहहरुको सहभागितालाई हौसला दिन अनुकूल भूमिका निर्वाह गर्नु पर्नेछ ।

**सच्याउने दायित्व :**

७१. निर्वाचन प्रचार प्रसारको क्रममा कुनै गलत वा भ्रम सिर्जना गर्ने किसिमका समाचार प्रकाशन वा प्रसारण हुन गएमा त्यसलाई उच्च प्राथमिकता दिई सम्बद्ध संचार माध्यम तथा संचारकर्मीले तुरुन्त सच्याउनु पर्नेछ ।

**निःशुल्क प्रसारण सुविधा :**

७२. समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा भाग लिने राजनैतिक दललाई सो दलले खडा गरेको कूल उम्मेदवारको अनुपातमा दफा ७३ मा उल्लेख भए बमोजिमको निःशुल्क समय प्रचार प्रसारको लागि प्रसारण सेवामा प्रदान गरिनेछ ।

७३. दफा ७२ मा उल्लेख भए बमोजिम निःशुल्क समय उपलब्ध गराउँदा कूल तीन चरण गरी रेडियो र टेलिभिजन प्रसारण सेवामा सो दलले खडा गरेको उम्मेदवारको अनुपातमा समय दिइनेछ । यसरी समय दिंदा उम्मेदवारीको अनुपातमा पहिलो चरणमा सो राजनैतिक दलको घोषणापत्रको सार्वजनिकीकरणको लागि ५-२० मिनेटसम्म रेडियो प्रसारण सेवामा, दोस्रो चरणमा निर्वाचन प्रचार प्रसारको लागि २-५ मिनेटसम्म टेलिभिजन प्रसारण सेवामा र तेस्रो चरणमा प्रत्येक राजनैतिक दललाई अभिमत प्राप्तीको अन्तिम आव्हानका लागि दफा ७४ मा लेखिए बमोजिमको मौन अवधि शुरु हुनु अघि १/१ मिनेट टेलिभिजन प्रसारण सेवामा दिइनेछ । यसरी राजनैतिक दललाई निर्वाचन प्रचार प्रसारको लागि समय दिंइदा उल्लेख गरिए बमोजिमको चरणमा प्रचार प्रसार गरिने सामग्री सो दलले तयार गरी सम्बन्धित प्रसारण सेवालाई दिनु पर्नेछ ।

**मौन अवधि :**

७४. कुनै पनि सञ्चार माध्यमले कुनै पनि किसिमको निर्वाचन सम्बन्धी प्रचार प्रसार, राजनैतिक सन्देश वा निर्वाचन अभियानको प्रसारण मतदानको दिनको अघिल्लो ४८ घण्टा देखि गर्न पाउने छैन र यस्तो मौन अवधि मतदानको दिन अन्तिम मतदान केन्द्र बन्द नहुन्जेल सम्मका लागि लागू हुनेछ ।

तर निर्वाचन आयोगले प्रवाह गरेको सूचना सम्प्रेषण गर्न वाधा पुगेको मानिने छैन ।

**सरकारी सञ्चार माध्यम :**

७५. सरकारी प्रकाशनहरु वा प्रसारकहरुले कुनै पनि राजनैतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सम्पादकीय लेख्ने वा प्रसारण गर्ने छैनन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७६. मतदाता माझ आफ्ना विचार नीति तथा कार्यक्रम अभिव्यक्त गर्न स्पष्ट तथा मनासिव आधारमा सरकारी सञ्चार माध्यमहरुले राजनैतिक दलहरु वा उम्मेदवारहरुलाई अवसर दिनु पर्नेछ ।

७७. सरकारी सञ्चार माध्यमले मतदाता शिक्षा सम्बन्धी सामग्री प्रकाशन तथा प्रसारण गर्न प्राथमिकता दिनु पर्नेछ ।

**अभिलेख :**

७८. संविधान सभा सदस्य निर्वाचन सम्बन्धी प्रकाशित वा प्रसारित कुनै पनि सूचना सञ्चार माध्यम वा तिनका प्रतिनिधिले प्रकाशन वा प्रसारण भएको मितिले ३५ दिनसम्म सुरक्षित राख्नु पर्नेछ ।

**अनुगमन :**

७९. निर्वाचन आयोगले विभिन्न संचार माध्यमहरुद्वारा निर्वाचनको प्रचार प्रसारको सिलसिलामा प्रकाशन तथा प्रसारण भएका सूचनाहरुको नियमित अनुगमन गर्नेछ । यसरी अनुगमनको क्रममा देखा परेका आचार संहिता उल्लंघनका कुराहरु सच्याउन निर्वाचन आयोगले सम्बन्धित संचार माध्यमलाई निर्देशन दिन सक्नेछ । निर्वाचन आयोगले दिएको निर्देशनको पालना गर्ने कर्तव्य सम्बन्धित संचार माध्यमको हुनेछ ।

## परिच्छेद - ५
## निर्वाचन खर्च सम्बन्धी व्यवस्था

राजनैतिक दल वा उम्मेदवारले निर्वाचन अभियान संचालन गर्दा गर्ने खर्चको सम्बन्धमा देहायका आचरण पालना गर्नु गराउनु पर्नेछ :-

८०. निर्वाचनको खर्चको अधिकतम सीमा अनुसूची-१ मा तोकिए बमोजिम हुनेछ ।

८१. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनको उम्मेदवारले निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा अनुसूची-१ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्चको विवरण निर्वाचन परिणामको घोषणा भएको मितिले पैंतीस दिन भित्र अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ ।

८२. समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा भाग लिएका राजनैतिक दलले निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा अनुसूची-१ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्च सम्बन्धी विवरण अनुसूची-३ बमोजिमको ढाँचामा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले पैंतीस दिन भित्र निर्वाचन आयोग समक्ष बुझाउनु पर्नेछ ।

८३. प्रत्येक उम्मेदवारले निर्वाचनको कार्यमा स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा मात्र खर्च गर्नु गराउनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८४. उम्मेदवारले निर्वाचन खर्चको हिसाब पेश गर्दा आफ्नो राजनैतिक दल वा अन्यत्रबाट कुनै खर्च गरिएको भए त्यस्तो खर्च समेत देखाउनु पर्नेछ ।

८५. राजनैतिक दलहरुले आफ्नो दलका प्रत्येक उम्मेदवारको सम्बन्धमा गरेको खर्चको विवरण अलग अलग देखिने गरी राख्नु पर्नेछ र त्यस्तो विवरण निर्वाचनको परिणामको घोषणा भएको मितिले ३५ दिन भित्र निर्वाचन आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ६
## कार्यान्वयन तथा अनुगमन

८६. आचार संहिताको पालना भएको छ छैन तत् सम्बन्धमा निर्वाचन आयोगले आवश्यकता अनुसार अनुगमन टोलीहरु गठन गरी जाँचबुझ र अनुगमन गर्ने गराउनेछ ।

८७. आचार संहिताको उल्लघंनको सम्बन्धमा राजनैतिक दल वा उम्मेदवार वा कुनै व्यक्तिले मौखिक वा विद्युतीय संचार माध्यमबाट वा अनुसूची-४ को ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन अधिकृतको कार्यालय वा अनुगमन टोली वा निर्वाचन आयोगमा लिखित रुपमा जानकारी दिन सक्नेछ ।

८८. आचार संहिता उल्लघंन सम्बन्धी लिखित वा मौखिक जानकारी वा निवेदन प्राप्त भएमा सो को रोकथामको लागि जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन अधिकृतको कार्यालय वा अनुगमन टोलीले स्थानीय प्रशासन वा प्रहरीलाई लेखी सो को जानकारी तत्काल निर्वाचन आयोगलाई दिनु पर्नेछ ।

८९. आचार संहिता पालना सम्बन्धमा जाँचबुझ वा अनुगमन गर्दा कसैबाट आचार संहिता पालना नभएको वा उल्लघंन गरेको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा वदर गर्नको लागि निर्वाचन आयोगले सम्बन्धित राजनैतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिन सक्नेछ ।

९०. आचार संहिता उल्लंघन भएको देखिए वा पाइएमा निर्वाचन अधिकृत वा जिल्ला निर्वाचन अधिकृत वा अनुगमन टोलीले स्थानीय प्रशासन वा प्रहरीको सहयोग लिई सोको रोकथामका लागि तत्काल आवश्यक कारबाही गर्नु पर्नेछ ।

९१. आचार संहिता उल्लंघन भएको देखिए, बुझिए वा सुनिएमा सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृत वा अनुगमन टोलीले त्यस्तो कार्यको तुरुन्त रोकथाम गर्नु पर्नेछ । यसका लागि स्थानीय प्रशासन र स्थानीय प्रहरीबाट आवश्यकता अनुसार सहयोग लिन सकिनेछ र सहयोग दिनु स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ ।

९२. आचार संहिता उल्लंघन सम्बन्धी कारबाहीका विवरणहरु निर्वाचन अधिकृत र जिल्ला निर्वाचन कार्यालयले निर्वाचन आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

९३. कुनै राजनैतिक दल वा उम्मेदवार लगायत आचार संहिता लागू हुने कुनै पनि पक्षले आचार संहिता पालना नगरेमा तत्काल सो कुरा निर्वाचन आयोगले सञ्चार माध्यम मार्फत सर्वसाधारणलाई जानकारी गराउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९४. कर्मचारीहरुले आचार संहिता उल्लंघन गरेमा निर्वाचन अधिकृत वा मतदान अधिकृतले आवश्यक कारबाहीका लागि सोझै वा जिल्ला निर्वाचन कार्यालय मार्फत निर्वाचन आयोगमा लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद-७
## विविध

९५. मत सर्वेक्षण गर्न गराउन हुँदैन : उम्मेदवारको मनोनयन दर्ता भएको मिति देखि मतदानको कार्य समाप्त नभए सम्म कसैले पनि कुनै राजनैतिक दल वा उम्मेदवारको निर्वाचनको परिणाममा प्रत्यक्ष असर पर्ने गरी गरिएको मत सर्वेक्षणको परिणाम प्रकाशन गर्न गराउन पाउने छैन । यसैगरी पहिले नै संचालन गरिएको मत सर्वेक्षणको परिणामलाई पनि मतदानको कार्य समाप्त नभएसम्म घोषणा गर्न पाउने छैन ।

९६. अनुगमनको विवरण प्रकाशन गर्नु पर्ने : यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा निर्वाचन आयोगले अनुगमन गर्दा गराउँदा यस आचार संहिताको उल्लघंन भएको पाएमा निर्वाचन आयोगले त्यसको विवरण सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

९७. गैर सरकारी संस्थाले आचार संहिता पालना गर्नु पर्ने : निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनु गैर सरकारी संस्थाको कर्तव्य हुनेछ । गैर सरकारी संस्थाले पालना गर्नु पर्ने आचरणका सम्बन्धमा छुट्टै कार्यविधि जारी गरिनेछ ।

९८. बाधा अड्काउ फुकाउने : यस आचार संहिताको कार्यान्वयन गर्दा वृहत्त शान्ति सम्झौताको कार्यान्वयन लगायत अन्य कुनै वाधा आई परेमा निर्वाचन आयोगले आदेश जारी गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

**द्रष्टव्य : सजाय सम्बन्धी व्यवस्था :**

**१. कसैले आचार संहिता उल्लंघन गरेको देखिएमा त्यस्तो काम रोक्न निर्वाचन आयोगले सम्बन्धितलाई आदेश दिने र त्यस्तो आदेश बमोजिम काम कारबाही नरोक्ने व्यक्ति वा निकायलाई आयोगले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने एवं आचार संहिताको उल्लंघन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्ने । (निर्वाचन आयोग ऐन, २०६३ को दफा २९)**

**२. निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन खर्चको हद भन्दा बढी खर्च गरेमा वा खर्चको विवरण आयोग समक्ष पेश नगरेमा आयोगले त्यस्तो व्यक्तिलाई निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हद मध्ये जुन बढी हुन्छ सोही बराबरको रकम जरिवाना गर्न सक्ने र खर्चको लेखा परीक्षण प्रतिवेदनको आधारमा अनुचित तवरले खर्च गरेको देखिएमा त्यस्तो व्यक्तिलाई तत्कालै देखि लागू हुने गरी बढीमा ६ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने गरी आयोगले निर्णय गर्न सक्ने र यसरी निर्णय गरेकोमा त्यस्तो व्यक्ति निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वत: बदर हुने । (निर्वाचन आयोग ऐन, २०६३ को दफा ३१)**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - १
(दफा ८० सँग सम्बन्धित)
**निर्वाचन खर्चको सीमा**

(क) **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको अधिकतम सीमा**

| क.सं. | खर्च शीर्षक | खर्च सीमा रु. |
|---|---|---|
| १. | मतदाता नामावली खरिद | १,५००/- |
| २. | सवारी साधन - १/घोडा - २ | ६०,०००/- |
| ३. | सवारी इन्धन/दाना | ४८,०००/- |
| ४. | लाउडस्पिकर | ४०,०००/- |
| ५. | पर्चा छपाई | ७५,०००/- |
| ६. | ढुवानी | १०,०००/- |
| ७. | आमसभा, गोष्ठी | ७५,०००/- |
| ८. | अन्य प्रचार प्रसार (छापा एवं विद्युतीय माध्यम) | २५,०००/- |
| ९. | कार्यालय सञ्चालन | ३०,०००/- |
| १०. | कार्यकर्ता परिचालन | ५०,०००/- |
| ११. | बुथ खर्च | २५,०००/- |
| १२. | विविध | २०,०००/- |
| | जम्मा :- | ४,५९,५००/- |

(ख) **समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनैतिक दलले गर्न पाउने खर्चको अधिकतम सीमा**

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनैतिक दलले आफूले पेश गरेको बन्द सूचीमा उम्मेदवारी दिएको उम्मेदवारको संख्या अनुसार प्रति उम्मेदवार रु. ५०,०००/- का दरले हुन आउने रकम सम्म खर्च गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - २
(दफा ८१ सँग सम्बन्धित)
**निर्वाचन खर्चको विवरण**

श्री जिल्ला निर्वाचन कार्यालय,
.................... जिल्ला,

संविधानसभां सदस्यको निर्वाचनको लागि ............................. जिल्ला, निर्वाचन क्षेत्र नं. .................... बाट म/श्री/श्रीमती/सुश्री ............................................ उम्मेदवार भएकोमा सो सम्बन्धमा मैले/निज उम्मेदवारले गरेको सम्पूर्ण खर्चको विवरण संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ६९ को उपदफा (४) तथा संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४ को दफा ८१ बमोजिम प्रस्तुत गरेको छु। निर्वाचन खर्चको विवरण देहाय बमोजिम छ :-

| क्र.सं. | खर्चको शीर्षक | कार्य परिमाण | खर्चको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | मतदाता नामावली खरिद | | | |
| २. | सवारी साधन/घोडा | | | |
| ३. | सवारी इन्धन/दाना | | | |
| ४. | लाउडस्पिकर | | | |
| ५. | पर्चा छपाई | | | |
| ६. | ढुवानी | | | |
| ७. | आमसभा, गोष्ठी | | | |
| ८. | अन्य प्रचार प्रसार (छापा एवं विद्युतीय माध्यम) | | | |
| ९. | कार्यालय सञ्चालन | | | |
| १०. | कार्यकर्ता परिचालन | | | |
| ११. | बुथ खर्च | | | |
| १२. | विविध | | | |
| | कुल जम्मा | | | |

सही :

नाम, थर :

मिति :

उम्मेदवार/निर्वाचन प्रतिनिधि :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ३
(दफा ८२ सँग सम्बन्धित)

## निर्वाचन खर्चको विवरण

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाडौं ।

संविधानसभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत ................................ राजनैतिक दलले गरेको सम्पूर्ण खर्चको विवरण संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ६९ को उपदफा (४) तथा संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४ को दफा ८२ बमोजिम प्रस्तुत गरेको छु । निर्वाचन खर्चको विवरण देहाय बमोजिम छ :-

| क्र.सं. | खर्चको शीर्षक | कार्य परिमाण | खर्चको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | मतदाता नामावली खरिद | | | |
| २. | सवारी साधन/घोडा | | | |
| ३. | सवारी इन्धन/दाना | | | |
| ४. | लाउडस्पिकर | | | |
| ५. | पर्चा छपाई | | | |
| ६. | ढुवानी | | | |
| ७. | आमसभा, गोष्ठी | | | |
| ८. | अन्य प्रचार प्रसार (छापा एवं विद्युतीय माध्यम) | | | |
| ९. | कार्यालय सञ्चालन | | | |
| १०. | कार्यकर्ता परिचालन | | | |
| ११. | बुथ खर्च | | | |
| १२. | विविध | | | |
| | कुल जम्मा | | | |

सही :

नाम, थर :

राजनैतिक दलको नाम :

पद :

मिति :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ४
(दफा ८७ सँग सम्बन्धित)

विषय :- **आचार संहिता उल्लंघन सम्बन्धमा।**

श्री निर्वाचन आयोग/निर्वाचन अधिकृतको कार्यालय/ जिल्ला निर्वाचन कार्यालय/अनुगमन समिति /अनुगमन टोली

संविधान सभा सदस्य निर्वाचनको सिलसिलामा आचार संहिता पालना गर्नु पर्ने कर्तव्य भएको देहायको राजनैतिक दल/उम्मेदवार/निजसँग सम्बन्धित व्यक्तिहरु/सरकारी निकाय/सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको निकाय/स्थानीय निकाय/सरकारी, अर्धसरकारी तथा निजी क्षेत्रका आम सञ्चारका माध्यम/कर्मचारीले देहाय बमोजिमको आचार संहिता उल्लंघन गरेकोले संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४ बमोजिम पालना गराई गर्न लगाई सोही आचार संहिता बमोजिम कारबाही गरी पाउँ।

आचार संहिता उल्लंघन गर्नेको नाम, थर :-

ठेगाना :-

उल्लंघन व्यहोरा :-

निवेदकको

दस्तखत :- ..........................

नाम :- ................................

थर :- ................................

ठेगाना :- ............................

**आज्ञाले,**
**सुशील जंग बहादुर राणा**
**का.मु. सचिव**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. १०।–
... मात्र लागु हुनेछ।
गो.द.नं. १६।०६२।६३

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, भदौ २ गते, २०६४ साल (अतिरिक्तांक २७


## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

व्यवस्थापिका-संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

व्यवस्थापिका-संसदले बनाएको २०६४ सालको ऐन नं. ११

## संविधान सभा अदालतको गठन, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : संविधान सभाका सदस्यको निर्वाचन सम्बन्धी उजुरीको कारबाही र किनारा गर्नका लागि संविधान सभा अदालतको गठन, अधिकार र कार्यविधिका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "संविधान सभा अदालत ऐन, २०६४" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले दफा ३ बमोजिम गठन भएको संविधान सभा अदालत सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले संविधान सभा अदालतको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले संविधान सभा अदालतको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "रजिष्ट्रार" भन्नाले दफा १५ बमोजिम तोकिएको रजिष्ट्रार सम्झनु पर्छ ।

परिच्छेद-२

अदालतको गठन, अधिकारक्षेत्र र त्यसको प्रयोग

३. अदालतको गठन : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संविधान सभाका सदस्यको निर्वाचन सम्बन्धी उजुरीको कारबाही र किनारा गर्न न्याय परिषद्सँग परामर्श गरी एक संविधान सभा अदालतको गठन गर्नेछ ।

(२) नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा सर्वोच्च अदालतका बहालवाला न्यायाधीशहरुमध्येबाट अदालतमा एकजना अध्यक्ष र दुईजना सदस्य तोक्नेछ ।

(३) उपदफा (२) बमोजिम अध्यक्ष र सदस्य तोकिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

४. अदालतको अधिकारक्षेत्र र प्रयोग : (१) संविधान सभाका सदस्यको निर्वाचन सम्बन्धी उजुरीको कारबाही र किनारा अदालतबाट गरिनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी अदालतले यस ऐन बमोजिम मुद्दाको कारबाही र किनारा गर्दा देहायका विषयमा समेत कारबाही र किनारा गर्न सक्नेछ :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) संविधान सभाका सदस्यको अयोग्यता,

(ख) संविधान सभा सदस्य सम्बन्धी निर्वाचन बदर,

(ग) संविधान सभा सदस्य निर्वाचन सम्बन्धी कसूर ।

(३) अदालतको अधिकारक्षेत्रको प्रयोग तीनैजना सदस्यले सामुहिक रुपमा गर्नेछन् ।

तर एकजना सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र दुईजना सदस्य उपस्थित भएको इजलासले मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ ।

(४) तीनजना सदस्य उपस्थित भएको इजलासमा तीनैजना सदस्यको एकमत वा दुईजना सदस्यको बहुमत कायम भए त्यस्तो मत अदालतको निर्णय मानिनेछ ।

(५) दुईजना सदस्य उपस्थित भएको इजलासमा एक मत कायम नभए कारबाहीको हकमा अध्यक्ष सहितको इजलास भए अध्यक्षको राय बमोजिम र अध्यक्ष बाहेकको इजलास भए वरिष्ठ सदस्यको राय बमोजिम गर्नु पर्नेछ । मुद्दाको फैसला वा अन्तिम आदेशको हकमा बहुमत कायम हुन नसकेमा पहिला अनुपस्थित रहने सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय अदालतको निर्णय मानिनेछ ।

(६) संविधान सभा अदालतबाट भएको निर्णय अन्तिम हुनेछ ।

५. अन्य अदालतमा उजुर नलाग्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अदालतको क्षेत्राधिकारभित्र पर्ने विषयमा अन्य कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन ।

## परिच्छेद-३
## अदालतको अधिकार र कार्यविधि

६. अदालतको अधिकार : अदालतको अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उजुरवाला र प्रत्यर्थीका साक्षीका अतिरिक्त मुद्दासँग सम्बन्धित आवश्यक देखिएका अन्य व्यक्ति वा प्रमाण बुझ्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रत्यर्थीलाई म्याद जारी गर्ने र जारी गरेको म्यादमा हाजिर नहुने प्रत्यर्थीलाई पक्राउ गरी बयान गराउने,

(ग) साक्षीलाई म्याद जारी गरी बकपत्र गराउने,

(घ) कुनै पक्षलाई तारेखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुन आउने गरी तारेखमा नराखी पुर्पक्ष गर्ने ।

७. अन्तरकालीन वा स्थगन आदेश जारी गर्न सक्ने : (१) यस ऐन अन्तर्गत परेको उजुरीका सम्बन्धमा उचित र आवश्यक देखेमा अदालतले प्रत्यर्थीबाट प्रतिउत्तर पेश नभएसम्म वा उजुरीको टुङ्गो नलागेसम्मको अवधिका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उजुरी अन्तरकालीन आदेशका लागि पेश भएको भए तापनि सो विषयमा निर्णय नै हुन उपयुक्त छ भन्ने इजलासलाई लागेमा इजलासले सो विषयमा निर्णय गर्न सक्नेछ ।

(३) संविधान सभाको कुनै सदस्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६५ मा उल्लेख भए बमोजिमको कुनै योग्यता पूरा नगरेको कारणले संविधान सभाको सदस्य हुन अयोग्य छ वा अयोग्य हुन गएको छ भन्ने प्रश्न उठ्न गई सोको निरुपणको सिलसिलामा तत्काल प्राप्त प्रमाणबाट सो बमोजिम अयोग्य ठहरिने पर्याप्त आधार भएमा त्यस्ता संविधान सभाका सदस्यलाई संविधान सभाको बैठकमा भाग लिन वा संविधान सभाको सदस्यको हैसियतबाट कुनै कार्य गर्न वा संविधान सभाको तर्फबाट कुनै कार्यमा संलग्न हुन नपाउने गरी अदालतले स्थगन आदेश जारी गर्न सक्नेछ ।

८. म्याद तामेल सम्बन्धी कार्यविधि : (१) अदालतमा दायर रहेको उजुरीमा प्रत्यर्थीका नाममा म्याद पठाउँदा बाटोको म्याद बाहेक सात दिनसम्मको अवधि तोकी म्याद जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद जारी गर्दा तामेल हुन नसकेमा प्रत्यर्थीले प्रयोग गर्दै आएको टेलेक्स, टेलिफ्याक्स वा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अभिलेख हुन सक्ने विद्युतीय सञ्चारका अन्य कुनै माध्यम मार्फत वा रजिष्ट्री गरी हुलाक मार्फत म्याद जारी गर्न सकिनेछ र त्यसरी जारी भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(३) अदालतले आफू समक्ष परेको मुद्दामा साक्षीका नाममा म्याद पठाउँदा बाटाको म्याद बाहेक सात दिनसम्मको म्याद तोकी म्याद जारी गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम जारी गरिने म्याद अदालतका कर्मचारीद्वारा वा जिल्ला अदालत वा नजिकको अरु सरकारी कार्यालय मार्फत तामेल गराउन सकिनेछ । अदालतबाट जारी गरिएको म्याद प्राथमिकताका साथ तामेल गराउनु सम्बन्धित जिल्ला अदालतको श्रेस्तेदार वा त्यस्तो सरकारी कार्यालयको प्रमुखको कर्तव्य हुनेछ ।

(५) अदालतबाट जारी भएको म्याद तामेल गर्न जाने कर्मचारीले बाटाका म्याद बाहेक दुई दिनभित्र म्याद तामेल गरिसक्नु पर्नेछ र कुनै मनासिब कारण नभई म्याद तामेल गर्न ढिलो गरेको देखिएमा निजलाई अदालतले पाँच सय रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बदनीयत चिताई वा लापरवाही गरी म्याद तामेल नगर्ने वा जानी-जानी बेरीतपूर्वक म्याद तामेल गर्ने कर्मचारीलाई अदालतले विभागीय कारबाही गर्न आदेश दिनेछ ।

(७) अदालतबाट आफ्नो नाममा म्याद जारी भएको थाहा पाई कसैले अदालत वा म्याद तामेल गर्न पठाइएको अदालतमा वा कार्यालयमा आफ्नो नाममा जारी भएको म्याद बुझ्न पाउँ भनी निवेदन दिएमा त्यस्तो म्याद निजलाई तामेल गर्न सकिनेछ । त्यसरी निवेदन दिंदा कुनै दस्तुर लाग्ने छैन ।

(८) यस दफा बमोजिमको कार्यविधि अवलम्बन गरी कुनै व्यक्तिको नाममा म्याद तामेल गर्नु पर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो म्याद बुझाउन नसकिएको कुराको प्रतिवेदन पर्न आएमा अदालतमा मुद्दा दायर भएको संक्षिप्त विवरण उल्लेख गरी त्यस्तो व्यक्तिलाई सात दिनसम्मको म्याद दिई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपस्थित हुन राष्ट्रिय स्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिनेछ र त्यसरी सूचना प्रकाशन भएकोमा त्यस्तो व्यक्तिलाई रीतपूर्वक म्याद तामेल भएको मानिनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संविधान सभाको कुनै सदस्यको नाममा यस ऐन बमोजिम कुनै म्याद जारी गर्नु पर्ने भएमा अदालतले संविधान सभाका महासचिव वा सचिव मार्फत म्याद तामेल गर्न लेखी पठाउनु पर्नेछ र त्यसरी म्याद तामेलीका लागि लेखी आएकोमा संविधान सभाको महासचिव वा सचिवले संविधान सभाका सम्बन्धित सदस्यको नाममा म्याद तामेल गरी सोको जानकारी अदालतमा पठाउनु पर्नेछ। यसरी म्याद तामेल भएकोमा रीतपूर्वक म्याद तामेल भएको मानिनेछ।

(१०) यस दफामा लेखिएदेखि बाहेक म्याद तामेली सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

९. म्याद तारेख थाम्ने व्यवस्था : अदालतमा परेको मुद्दामा पक्षले काबूबाहिरको परिस्थिति परेको कारण र आधार खुलाई म्याद तारेख थाम्न निवेदन गरेकोमा अदालतलाई व्यहोरा मनासिब लागेमा एकपटक मात्र बढीमा सात दिनसम्मको म्याद तारेख थाम्न सकिनेछ।

१०. अन्य अधिकार र कार्यविधि : (१) अदालतले यस ऐन बमोजिम उजुरीको कारबाही र किनारा गर्दा यस ऐनमा लेखिएजतिमा यसै ऐन बमोजिम र अरुमा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

(२) उपदफा (१) बाहेक अन्य कुरामा अदालतले प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्नेछ।

## परिच्छेद-४
## विविध

११. शपथ ग्रहण : अध्यक्ष र सदस्यले आफ्नो कार्यभार सम्हाल्नुअघि प्रधान न्यायाधीश समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. <u>अवहेलना</u> : (१) अदालतले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ र अवहेलना गरेको ठहऱ्याएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालत सन्तुष्ट हुने गरी अभियुक्त वा कसूरदारले क्षमा याचना गरेमा अदालतले निजलाई क्षमा गर्न वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न, घटाउन वा अदालतले तोकेको शर्तमा मुलतबी राखी सो शर्तको पालना भएमा सजाय कार्यान्वयन नगर्ने आदेश दिन सक्नेछ।

१३. <u>अदालतले मागेको मुद्दा सम्बन्धी लिखत, प्रमाण, कागजात वा जवाफ पठाउनु पर्ने</u> : (१) अदालतले मुद्दामा प्रमाणका निमित्त आवश्यक कुनै लिखत प्रमाण, कागजात वा अन्य कुनै कुरा पेश गर्न कुनै कार्यालयलाई आदेश दिएमा वा कुनै कुराको स्पष्टीकरण वा जवाफ मागेमा सो कार्यालयले निर्धारित समयभित्र सो आदेश बमोजिम काम सम्पन्न गरी अदालतमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश कुनै कार्यालयले पालन नगरेकोले मुद्दाको कारबाही र किनारा गर्न बाधा परेमा वा कुनै पक्षलाई अनुचित हैरानी वा प्रतिकूल असर परेमा अदालतले सम्बन्धित कार्यालयको प्रमुख वा कर्मचारीलाई पटकैपिच्छे पाँच सय रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कार्यालय प्रमुख वा कर्मचारीले अदालतको आदेश पालना गर्न नसकेको कारण उल्लेख गरी सो जरिबाना हुन नपर्ने भनी निवेदन दिएमा र कारण सन्तोषजनक देखिएमा अदालतले त्यस्तो जरिबानाको आदेश रद्द गर्न सक्नेछ।

१४. <u>मुद्दाको कारबाही र किनारा गर्नु पर्ने अवधि</u> : (१) अदालतले प्रतिउत्तरपत्र दाखिल भएकोमा सो दाखिल भएको मितिले र प्रतिउत्तरपत्र दाखिल नभएकोमा सो दाखिल गर्नु पर्ने म्याद भुक्तान भएको मितिले तीन महिनाभित्र मुद्दाको अन्तिम कारबाही र किनारा गरिसक्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर दफा ९ बमोजिम गुज्रेको म्याद थमाउन पाउने म्याद भुक्तान नभई मुद्दाको अन्तिम कारबाही र किनारा गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उजुरवाला वा प्रत्यर्थीका तर्फबाट अदालतले बुझ्नु पर्ने प्रमाण बुझी छिन्न अङ्ग पुगिसकेको मितिले सात दिनभित्र मुद्दाको निर्णय गरिसक्नु पर्नेछ ।

(३) यस ऐन बमोजिम अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

१५. फैसला कार्यान्वयन गर्ने : अदालतले गरेको फैसला वा अन्तिम आदेश कुनै निकायले कार्यान्वयन गर्ने भनी फैसला वा अन्तिम आदेशमा लेखिएकोमा सोही निकायले र त्यसरी नलेखिएकोमा सम्बन्धित जिल्ला अदालतले कार्यान्वयन गर्नेछ ।

१६. रजिष्ट्रार : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई रजिष्ट्रार तोक्न सक्नेछ ।

(२) रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अदालतमा दर्ता गर्न ल्याएको उजुरी, प्रतिउत्तरपत्र लगायतका लिखतहरु हेरी जाँची रीत पुगेको भए दर्ता गर्ने वा दर्ता गर्न नमिल्ने भए कारण जनाई दरपीठ गर्ने,

(ख) मुद्दामा पेश भएका नक्कल कागजलाई सक्कलसँग भिडाई ठीक देखिएमा प्रमाणित गर्ने,

(ग) आदेशानुसार झिकाइएको व्यक्ति र साक्षीहरुलाई पठाउने समाह्वान वा म्याद जारी गरी तामेल गर्ने वा गराउने र तामेल भई आएको म्याद रीतपूर्वक तामेल भएको छ छैन जाँची बेरीतको देखिए बदर गरी पुनः रीतपूर्वक तामेल गराउने,

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) कानूनले थामिने म्याद तारिख थामी पाउँ भनि निवेदन परेमा कानून बमोजिम आदेश दिने,

(ङ) अदालतको विभागीय प्रमुख वा प्रशासकीय प्रमुख भै काम गर्ने,

(च) इजलासबाट भएको आदेश बमोजिम अन्य काम कारबाही कार्यान्वयन गर्ने गराउने ।

१७. कर्मचारीको व्यवस्था : अदालतलाई आवश्यक पर्ने अन्य कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

१८. अदालतको विघटन : (१) यस ऐन बमोजिम जुन प्रयोजनका लागि अदालतको गठन भएको हो सो प्रयोजन समाप्त भएपछि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अदालतको विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालत विघटन भएपछि सो अदालतको जिम्मामा रहेका मिसिल, कागजात तथा चल अचल सम्पत्ति नेपाल सरकारले सर्वोच्च अदालतको जिम्मामा रहने गरी हस्तान्तरण गर्नु पर्नेछ ।

१९. नेपाल सरकारसँग सम्पर्क : अदालतले नेपाल सरकारसँग सम्पर्क राख्दा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२०. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले अदालतसँग परामर्श गरी आवश्यक नियमहरु बनाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची
(दफा ११ सँग सम्बन्धित)

संविधान सभा अदालतको अध्यक्ष/सदस्य पदको शपथ ग्रहण

म ... ... ... ... ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहनु पर्ने भनी जनताद्वारा जनआन्दोलन मार्फत अभिव्यक्त भावनालाई उच्च सम्मान गर्दै जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ प्रति पूर्ण वफादार रही संविधान सभा अदालतको अध्यक्ष/सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम : ... ... .. ... ... ...

मिति : ... .... ... ...

सही : ........ ........ ... .

प्रमाणीकरण मितिः २०६४।५।२

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार